Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| नेपाल भूकम्प २०७२ अपडेट : ३८औं दिन<br>मिति : ०७२ जेठ १८<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,६९९<br>घाइते : २२,२२० |
|---|---|

## राहत सामग्री सिडिओ निवासदेखि सरकारी अड्डाहरूसम्म

गोरखाका भूकम्प पीडितलाई चिनियाँ सरकारले दिएको राहत यहाँका सरकारी अड्डाका प्रमुखले बाँडीचुँडी लिएका छन् । तिब्बतसँग सीमाना जोडिएको गोरखा जिल्लालाई चिनियाँ सरकारले दिएको जेनेरेटर बाँडेका हुन् । प्रमुख जिल्ला अधिकारी (सिडिओ) उद्धव तिमिल्सिनाले ५० केभीए क्षमताको जेनेरेटर आफ्नो निवासमा लगेर प्रयोग गरिरहेका छन् । जिल्ला प्रहरी कार्यालय, नेपाली सेनाको भैरवी दल गण, र सशस्त्र प्रहरी गुल्म गोरखालाई सिडिओले एक/एक ओटा जेनेरेटर बाँडेका हुन् । उनले आइतबार बिहानै बैठक डाकेर भूकम्प पीडितलाई राहत स्वरुप आएको जेनेरेटर सरकारी कार्यालयलाई आवश्यक परेकाले दिने भन्ने व्यहोराको माइन्यूट गराएका जिल्ला दैवी प्रकोप उद्धार समितिका एक सदस्यले बताए ।

वैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर भुकम्प गएपछि जिल्लाका ग्रामीण भेगमा सञ्चालित ५० हराहारीका साना ठूला लघुजलविद्युत् बन्द छन् । कुनै पनि सञ्चालन गर्नसक्ने अवस्थामा छैनन् । अन्धकार रहेको गाउँका स्थानीयलाई सहयोग पुग्ने उद्देश्यले चिनियाँ सरकारले भूकम्प गएको साता दिन भित्रै नेपाली सेनाको मातहतबाट १० ओटा जेनेरेटर गोरखाका लागि पठाएको थियो । चार वटा बाँडेका सरकारी अड्डाका प्रमुखले अन्य छ वटा सिडिओले आफू निकटका सरकारी कार्यालयलाई नै बाँड्ने तयारी गरेका छन् । उक्त जेनेरेटर राम्रो, टिकाउ र धेरै क्षमताको रहेकाले पहिले आफैँसँग जेनेरेटर भएका अड्डाले पनि हानथाप गरेर लगेका हुन् ।

### उल्लेख्य

- भूकम्प पीडितको परिचयपत्र र राहतका लागि झुटो विवरण पेश गर्ने, झुटो विवरण बनाउन सहयोग गर्ने र सिफारिस गर्नेलाई जिल्ला दैवीप्रकोप उद्धार समिति खोटाङले कारबाही गर्ने तयारी गरेको छ ।
- वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पले भवनहरू क्षतिग्रस्त भएपछि रसुवा सदरमुकाम धुन्चेलगायत ठाउँमा सरकारी तथा गैरसरकारी संस्थाहरूलाई कार्यालय पाउन मुस्किल परेको छ ।
- विनाशकारी भूकम्पले ध्वस्त भएका विद्यालयहरूमा अस्थायी टहरा निर्माण गर्न सरकारले जिल्ला शिक्षा कार्यालय सिन्धुपाल्चोकमार्फत ४ करोड ३६ लाख उपलब्ध गराएको छ । भूकम्पले सिन्धुपाल्चोक जिल्लाका सबै विद्यालयहरू ध्वस्त बनाएको छ ।
- इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले भूकम्पको विध्वंशपछि समृद्ध देश बनाउन पुनः निर्माण र पुनःस्थापनाबारे प्रभावकारी कार्य प्रणाली आवश्यक भएको बताएका छन् । भूकम्पले पुऱ्याएको क्षतिबारे अनुगमन गर्न ओखलढुंगा आएका अध्यक्ष प्याकुरेलले नेपालमा भूकम्पपछि पुनः निर्माण पीडितहरूकै नेतृत्वमा प्रभावकारी कार्य प्रणाली बनाए मात्र प्रभावकारी हुने बताए । जिल्ला विकास समितिको सभाहलमा जिल्लास्थित विभिन्न राजनीतिक दल र कार्यालय प्रमुखहरूसँगको अन्तर्क्रियामा अध्यक्ष प्याकुरेलले अबको एजेण्डा राहत बाँड्ने भन्दा पुनःस्थापना र पुनःस्थापनामा केन्द्रित हुनुपर्नेमा जोड दिए ।
- सामुदायिक विद्यालय निर्माणमा संखुवासभामा राज्यको शून्य सहभागिता पाइएको छ । भत्किएका संरचना सफा गर्न, पुनःनिर्माण गर्न र अस्थायी टहरा निर्माण गरी कक्षा सञ्चालन गर्न समुदायकै भर भएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- इन्सेकका केन्द्रीय र मध्यमाञ्चल क्षेत्रीय कार्यालयमा कार्यरत कर्मचारीले जेठ १८ गते ललितपुरस्थित महालक्ष्मी नगरपालिका-५, चसिडोलमा श्रमदान गरेका छन् । स्थानीय ७१ वर्षीया अम्बिका पौडेलको घर भत्काउने काममा इन्सेककर्मीले श्रमदान गरेका हुन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/